# सामुदायिक तथा संस्थागत उ.मा.वि. मा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन : विर्तामोड नगरपालिका, झापा

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग,
स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरको आंशिक
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

शोध पत्र


शोधार्थी
दिपा घिमिरे
स्नातकोत्तर तह (एम. एड.) चौथो सेमेष्टर
क्याम्पस दर्ता नं. : ४८४
परीक्षा क्रमाङ्क : २८००३१
त्रि.वि. दर्ता नं. : ९-२-५८६-१४-२००९
भर्ना वर्ष : २०७०



शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

२०७३

## सिफारिस पत्र (RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"सामुदायिक तथा संस्थागत उ.मा.वि. मा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन : विर्तामोड नगरपालिका झापा)"** शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवं सल्लाहमा शोधार्थी छात्रा दिपा घिमिरेले तयार पार्नुभएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

..................................

प्रा. डा. ध्रुवराज शिवाकोटी

शोध निर्देशक

अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौँ

मिति : ................................

## स्वीकृति पत्र (APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागी **"सामुदायिक तथा संस्थागत उ.मा.वि. मा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन : विर्तामोड नगरपालिका झापा"** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

१) विभागीय प्रमुख ...................................

उप-प्रा. मीनराज पौडेल

२) बाह्य सुपरिवेक्षक ...................................

प्रा. मदालसा सिंह

३) शोध निर्देशक/डि.आर.सि. सदस्य ...................................

प्रा. डा. ध्रुवराज शिवाकोटी

मिति : .............................

## **कृतज्ञताज्ञापन** (ACKNOWLEDGEMENT)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड.) चौंथो सेमेस्टरको आंशिक आवश्यकता परिपुर्ति गर्नका लागि **"सामुदायिक तथा संस्थागत उ.मा.वि. मा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन : (विर्तामोड नगरपालिका झापा)"** शीर्षक भएको शोधपत्र प्रस्तुत गरेको छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु उप-प्राध्यापक मीनराज पौडेल ज्यूप्रति सदैव आभारी छु । यस शोध पत्रले यो क्षेत्रसँग सम्बन्धित विषयमा जानकारी लिन इच्छुक व्यक्ति, अनुसन्धानकर्ता एवं नीति निर्माताहरुलाई  सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु ।

प्रस्तुत शोध पत्रलाई सार्थक र उपलब्धिमूलक बनाउन शोध पत्र प्रस्तावना देखि शोध पत्रको अन्त्यसम्म निरन्तर रुपमा सहज र सरल ढङ्गबाट अमूल्य सल्लाह, सुझाव, प्रेरणा, हौसला र कुशल निर्देशन दिई सद्भावपूर्ण सहयोग गर्नुहुने आदरणीय गुरु तथा शोध निर्देशक प्रा.डा. ध्रुवराज शिवाकोटी ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु साथै सदैव आवश्यक सल्लाह, सुझाव तथा मार्गदर्शन गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका श्रद्धेय गुरुहरु प्रा.डा. महेशराज दाहाल, प्रा.डा. शान्ता सिंह, शि.स. पद्मा कोइराला र आ.शि. जगदिशमूर्ति कोइराला लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरुहरुप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानका लागि गरिएको स्थलगत अध्ययनका क्रममा मलाई आवश्यक सूचना तथा तथ्यांङ्कहरु उपलब्ध गराउनुहुने साथै खुलस्त रुपमा प्रश्नहरुको उत्तर दिई सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थी प्रति विशेष धन्यवाद दिन चाहन्छु । साथै मेरो जीवनका हरेक क्षणहरुमा सल्लाह, सुझाव, प्रेरणा र प्रोत्साहन दिई विश्वविद्यालयसम्मको अध्ययन पूरा गर्न आर्शिवाद प्रदान गर्नुहुने मेरा बुबाआमा, दाजहरु र सम्पूर्ण आफन्तजनप्रति आभार प्रकट गर्दछु । अन्त्यमा शोधपत्र लेखनको क्रममा मलाई सहयोग गर्नुहुने मेरा आत्मीय मित्रहरुका साथै टाइपिङ्गमा सहयोग पुऱ्याउने प्रकृति फोटोकपी सेन्टर प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**शोधकर्ता**

**दिपा घिमिरे**

# सारसंक्षेप (ABSTRACT)

सामुदायिक तथा संस्थागत उ.मा.वि. मा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन : झापा जिल्ला विर्तामोड नगरपालिका शीर्षकमा गरिएको एक अनुसन्धान हो । यसमा सामुदायिक तथा संस्थागत उ.मा.वि. को आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु पहिचान गर्नु, सामुदायिक तथा संस्थागत उ.मा.वि.को प्रति एकाई विद्यार्थी लागत पत्ता लगाउनु र सामुदायिक तथा संस्थागत उ.मा.वि. को प्रति एकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

शोधपत्रको उद्देश्य पुरा गर्न परिमाणात्मक र गुणात्मक दुवै ढाँचाको प्रयोग गरी प्रमुख रुपमा प्राथमिक स्रोत र अपूरा तथ्यांङ्क द्धितीय स्रोतका माध्यमबाट संकलन गरी प्राप्त तथ्यांङ्कलाई आवश्यकताअनुसार तालिकाको माध्यमवाट विश्लेषण गरिएको छ । प्राथमिक स्रोतवाट तथ्यांङ्क संकलन गर्न छुट्टाछुट्टै प्रश्न निर्माण गरी उ.मा.वि. का प्र.अ., अभिभावक, विद्यार्थी र विद्यालय व्यवस्थापन समिति लाई प्रत्यक्ष सोधेर संकलन गरिएको थियो भने यसका साथै अवलोकन सूची र छलफल निर्देशिकाको माध्यमवाट प्रत्यक्ष अवलोकन र लक्षित समुह छलफल सञ्चालन गरी प्राथमिक तथ्यांङ्क संकलन गरीएको थियो जसका लागि उद्देश्यमुलक र सुविधाजनक नमूना छनौटका आधारमा विर्तामोड न.पा. मा रहेका ३ सामुदायिक र १२ संस्थागत उ.मा.वि. वाट सामुदायिक तर्फ महेन्द्र रत्न उ.मा.वि. र संस्थागत तर्फ कोहेड उ.मा.वि. लाई छनौट गरिएको थियो । द्धितीय तथ्यांङ्कको स्रोतको रुपमा सम्बन्धित न.पा., अर्थ मन्त्रालय, उच्च माध्यमिक शिक्षा परिषद्, जिल्ला शिक्षा कार्यालय, केन्द्रीय तथ्यांङ्क विभाग, पत्रपत्रिका र अन्य प्रकाशित तथा अप्रकाशित तथ्यांङ्कहरुलाई आधार मानिएको छ ।

सामुदायिक र संस्थागत उ.मा.वि.को भौतिक अवस्था हेर्दा ३ वटा भवन रहेको सामुदायिक उ.मा.वि. को कक्षाकोठामा औसत ३ विद्यार्थी वरावर १ डेक्स बेन्चको व्यवस्था भएको र प्रति विद्यार्थी क्षेत्रफल ९.४१ वर्गफिट रहेको पाईयो भने संस्थागतमा ४ वटा भवन भएको जसमा कक्षाकोठामा औसत २ विद्यार्थी वरावर १ डेक्स वेन्चको व्यवस्था भएको र प्रति विद्यार्थी २.७२ वर्गफिट क्षेत्रफल रहेको देखियो । दुवै उ.मा.वि. मा खेल मैदान भएको, १/१ वटा पुस्तकालय भएको र शौचालय दुवै उ.मा.वि. मा ४/४ वटा रहेको पाईयो ।

अध्ययनमा रहेका दुवै उ.मा.वि. मा मानविकी, शिक्षा र व्यवस्थापन संकायहरु सञ्चालन भएको र विज्ञान संकाय संस्थागतमा मात्र सञ्चालन भएको पाईयो । सामुदायिक र

संस्थागत दुवै उ.मा.वि. मा जम्मा ४३ जना शिक्षक रहेका छन् जसमा महिला ५ जना र पुरुष ३८ जना पाईयो । सामुदायिक उ.मा.वि. मा विद्यार्थीको भर्ना दर २०७०/०७१ मा औषतमा ५२.६५ प्रतिशत पाईयो भने २०७१/०७२ मा ४७.३५ प्रतिशत पाईयो । त्यस्तैगरी संस्थागत उ.मा.वि. मा २०७०/०७१ मा ४९.७१ प्रतिशत र २०७१/०७२ मा ५०.२९ प्रतिशत देखिएको छ । विद्यार्थी शिक्षक अनुपात सामुदायिकतर्फ १:९ छ भने संस्थागत तर्फ १:१६ रहेको छ । त्यस्तैगरी सामुदायिक उ.मा.वि. को विद्यार्थी उत्तीर्ण दर २०७०/०७१ देखि २०७१/०७२ सम्ममा क्रमशः २२.७२ र ३५.०६ प्रतिशत रहेको र कक्षा छोड्ने दर पनि क्रमशः १०.५१ र १३.०८ प्रतिशत रहेको छ । संस्थागत तर्फ विद्यार्थी उत्तीर्ण दर २०७०/०७१ देखि २०७१/०७२ सम्ममा क्रमशः २९.५ र ३५.३२ प्रतिशत र कक्षा छोड्ने दर ८.५० र ८.५९ प्रतिशत रहेको पाईयो ।

उ.मा.वि. को आर्थिक अवस्था अर्न्तगत सरकारी अनुदान र विद्यार्थी शुल्कलाई अध्ययन गरिएको छ । सामुदायिक उ.मा.वि. लाई २०७०/०७१ देखि २०७१/०७२ सम्ममा जम्मा रु.२३,५५,७४५ अर्थात ५२.३५ प्रतिशत सरकारी अनुदान र विद्यार्थी शुल्कबाट रु.२१,४३,८०० अर्थात ४७.६५ प्रतिशत आम्दानी प्राप्त भएको छ । यसरी सामुदायिक उ.मा.वि. लाई २ वर्षमा औसतमा रु.२२,४९,७७२.५ आम्दानी प्राप्त भएको छ भने संस्थागत उ.मा.वि. लाई सरकारी अनुदान प्राप्त नहुने हुनाले आम्दानीको स्रोत विद्यार्थी शुल्क भएकाले २ वर्षमा उक्त उ.मा.वि. लाई कुल रु.१,७०,१७,८०० आम्दानी भएको देखिएको छ भने औसतमा रु.८५,०८,९०० आम्दानी प्राप्त भएको छ । त्यस्तैगरी सामुदायिक उ.मा.वि. को खर्च विवरण हेर्दा २०७०/०७१ देखि २०७१/०७२ सम्ममा जम्मा रु.४२,९१,६२७ खर्च भएको छ भने संस्थागत उ.मा.वि. मा २ वर्षमा रु.१,२१,६५,८२८ खर्च भएको छ ।

उ.मा.वि. को प्रतिविद्यार्थी लागतको अवस्था हेर्दा सामुदायिक उ.मा.वि. को ११ र १२ मा प्रति विद्यार्थी लागत औसतमा रु.२१,५७५ रहेको पाईयो भने संस्थागत उ.मा.वि. को ११ र १२ मा प्रति विद्यार्थी लागत औसतमा रु.४०,५०० रहेको पाईयो । दुबै उ.मा.वि. को शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्दा २०७०/०७१ मा सामुदायिकमा २२.७२ प्रतिशत र संस्थागतमा २९.५ प्रतिशत शैक्षिक उपलब्धि भएको पाईयो भने २०७१/०७२ मा सामुदायिकमा ३५.०६ प्रतिशत र संस्थागतमा ३५.२२ प्रतिशत शैक्षिक उपलब्धि भएको

पाईयो । यसरी २ वर्षको उपलब्धि हेर्दा सामुदायिकमा भन्दा संस्थागतमा शैक्षिक उपलब्धि बढी भएको देखियो ।

समग्रमा सामुदायिक उ.मा.वि.को आम्दानीको स्रोतमा सरकारी अनुदान र विद्यार्थी शुल्क रहेको र संस्थागत उ.मा.वि. मा विद्यार्थी शुल्क मात्र रहेको भएता पनि सामुदायिकको भन्दा संस्थागत उ.मा.वि.को आम्दानी बढी भएको देखिन्छ र खर्च पनि संस्थागत उ.मा.वि. मा नै बढी भएको देखिन्छ भने कक्षा छोड्ने दर सामुदायिक उ.मा.वि.मा बढी भएको देखिन्छ । त्यस्तैगरी उ.मा.वि. को प्रति विद्यार्थी लागत र शैक्षिक उपलब्धि हेर्दा सामुदायिक उ.मा.वि.मा भन्दा संस्थागत उ.मा.वि.मा प्रति विद्यार्थी लागत बढी भएको कारणले शैक्षिक उपलब्धि पनि बढी नै भएको देखिन्छ ।

अन्त्यमा सामुदायिक तथा संस्थागत उ.मा.वि. को लगानी र शैक्षिक उपलब्धि हेर्दा के भन्न सकिन्छ भने सामुदायिक उ.मा.वि. ले शैक्षिक उपलब्धि बढाउनको निम्ती लगानी त बढाउनुनै पर्छ यसको साथसाथै प्रशासन चुस्त दुरुस्त रहनु, सुधारित परीक्षा प्रणाली, स्वच्छ शैक्षिक वातावरण, वालमैत्री विद्यालय र तालिम प्राप्त शिक्षक हुनु पनि अति आवश्यक देखिन्छ ।

## विषय सूची (CONTENTS)


पृष्ठ

**सिफारिस पत्र (RECOMMENDATION LETTER)** i

**स्वीकृति पत्र (APPROVAL LETTER)** ii

**कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)** iii

**सारसंक्षेप (ABSTRACT)** iv

**विषय सूची (CONTENTS)** vii

**तालिका सूची (LIST OF TABLE)** xii

**संक्षिप्त शब्दावली (ABBREVIATION)** xiii

**अध्याय एक (CHAPTER ONE)**

**१. परिचय (INTRODUCTION)** १

१.१ अध्ययनको पृष्ठभूमी (Background of the Study) १

१.२ समस्याको कथन (Statement of the Problem) ६

१.३ अध्ययनको महत्व (Importance of the Study) ८

१.४ अध्ययनको उद्देश्य (Objectives of the Study) १०

१.५ अनुसन्धान प्रश्न (Research Questions) ११

१.६ अध्ययनको परिसीमाहरु (Delimitation of the Study) ११

१.७ मुख्य शब्दावलीको परिभाषा (Definition of the Key Terms) १२

१.८ अध्ययनको संगठन (Organization of the Study) १२

**अध्याय दुई (CHAPTER TWO)**

**२. सम्बन्धित साहित्यको पुनरावलोकन र सैदान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)** १४

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Literature) १४

२.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature) १७

२.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता (Implication of the Review for the Research) २०
२.४ अनुसन्धान अन्तर (Research Gap) २१
२.५ अवधारणात्मक ढाँचा (Conceptual Framework) २२
२.५ कार्यात्मक ढाँचा (Functional Framework) २३

**अध्याय तीन (CHAPTER THREE)**

**३. विधि र प्रकृयाहरु (METHOD AND PROCEDURES)** २४
३.१ अनुसन्धान ढाँचा (Research Design) २४
३.२ तथ्यांङ्कको स्रोत (Source of Data) २४
३.२.१ प्राथमिक स्रोत (Primary Source) २४
३.२.२ द्वितीय स्रोत (Secondary Source) २४
३.३ जनसंख्या, नमुना आकार र नमूना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy) २५
३.३.१ जनसंख्या (Population) २५
३.३.२ नमूना आकार (Sample Size) २५
३.३.३ नमूना छनौट रणनीति (Sampling Strategy) २५
३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area) २६
३.५ तथ्यांङ्क संकलनका साधनहरु (Tools of Data Collection) २६
३.५.१ प्रश्नावली (Questionnaire) २६
३.५.२ अवलोकन सूची (Observation List) २६
३.५.३ छलफल निर्देशिका (Discussion Gride ) २७
३.६ तथ्यांङ्क संकलनका प्रविधीहरु (Techniques of Data Collection) २७
३.६.१ अर्न्तवार्ता (Interview) २७
३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation ) २७
३.६.३ लक्षित समूह छलफल (Focused Group Discussion) २७
३.७ तथ्यांङ्क विश्लेषण प्रकृया (Data Analysis Procedures) २८
३.८ नीतिगत प्रावधान (Ethical Consideration) २८

## अध्याय चार (CHAPTER FOUR)

**४. तथ्यांङ्कको प्रस्तुतीकरण र विश्लेषण (ANALYSIS AND INTERPRETATION OF DATA )** २९

४.१ झापा जिल्लाको परिचय (Introduction to the Jhapa District) २९

४.१.१ भौगोलिक अवस्था (Geographical Situation ) ३०

४.१.२ प्रशासनिक अवस्था (Administrative Situation) ३१

४.१.३ शैक्षिक अवस्था (Educational Situation) ३२

४.१.४ हावापानीको अवस्था (Situation Of Climate) ३३

४.१.५ आर्थिक अवस्था (Economic Situation) ३४

४.१.६ भु–उपयोगको अवस्था (Situation of land Use) ३४

४.१.७ जनसाङ्ख्यिकिय अवस्था (Demographic Situation) ३५

४.२ विर्तामोड नगरपालिकाको परिचय (Introduction to the Birtamod municipality) ३५

४.२.१ भौगोलिक अवस्था (Geographical Situation) ३६

४.२.२ जनसाङ्ख्यिकिय अवस्था (Demographic Situation) ३६

४.२.३ शैक्षिक अवस्था (Educational situation) ३७

४.२.४ आर्थिक अवस्था (Economic situation) ३७

४.२.५ हावापानीको अवस्था (Situation of climate) ३८

४.३ अध्ययनमा रहेका सामुदायिक तथा संस्थागत उ.मा.वि. को भौतिक विवरण (Physical Description of Sampled Community & Institutional H.S.S.) ३८

४.३.१ भवन र कक्षाकोठाको क्षेत्रफल (Building & Classroom Area) ३८

४.३.२ खेल मैदान (Play Ground) ३९

४.३.३ शौचालय संख्या (Number of Toilets) ४०

४.३.४ फर्निचर संख्या (Number of Furniture) ४०

४.३.५ पिउने पानीको अवस्था ( Situation of Drinking water) ४१

४.३.६ पुस्तकालय (Library) ४१

४.३.७ छात्रवास, प्रयोगशाला, कम्प्यूटर र शैक्षिक सामग्री (Hostel, Laboratory, Computer & Teaching Materiais) ४१

४.४ नमूना छनौटमा परेका सामुदायिक तथा संस्थागत उ.मा.वि. को शैक्षिक विवरण (Educational Description Of sampled Community & Institutional H.S.S.) ४२
४.४.१ नमूना छनौटमा परेका उ.मा.वि.को संकाय र विषयहरु (Faculty & Subject of Sampling H.S.S.) ४२
४.४.२ नमूना छनौटमा परेका उ.मा.वि.मा शिक्षकहरुको विवरण (Description of Teacher on Sampled H.S.S. ) ४३
४.४.३ नमूना छनौटमा परेका सामुदायिक उ.मा.वि.मा विद्यार्थी भर्ना (Student Enrollment in Sampled of Community H.S.S.) ४३
४.४.४ नमूना छनौटमा परेको संस्थागत उ.मा.वि.मा विद्यार्थी भर्ना (Student Enrollment in Sample of Institutional H.S.S.) ४५
४.४.५ शिक्षक – विद्यार्थी अनुपात (Teacher - Student Ratio) ४६
४.४.६ उ.मा.वि.मा विद्यार्थी उत्तीर्ण दर (Student promoted Rate in HSS) ४७
४.४.७ उ.मा.वि.का विद्यार्थीहरुको विद्यालय छोड्ने दर (Droupout Rate of H.S.S. Students) ५०
४.५ नमूना छनौटमा परेका सामुदायिक तथा संस्थागत उ.मा.वि. को आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु (Source of Income & Sectors of Expenditure in Sampled Community & Institutional H.S.S.) ५२
४.५.१ सामुदायिक उ.मा.वि. को वार्षिक आम्दानीको स्रोत (Source of Annual Income in community H.S.S.) ५२
४.५.२ सामुदायिक उ.मा.वि.को वार्षिक खर्च (Annual Expenditure of Community H.S.S.) ५३
४.५.३ सामुदायिक उ.मा.वि.को वार्षिक बचत (Annual Surplus of community H.S.S.) ५५
४.५.४ संस्थागत उ.मा.वि.को वार्षिक आम्दानीको स्रोत (Source of Annual Income in Institutional H.S.S.) ५५
४.५.५ संस्थागत उ.मा.वि.को वार्षिक खर्च (Annual Expenditure of Institutional H.S.S.) ५६

४.५.६ संस्थागत उ.मा.वि.को वार्षिक वचत (Annual Surplus of Institutional H.S.S.) ५८

४.६ सामुदायिक तथा संस्थागत उ.मा.वि.को प्रति एकाई विद्यार्थी लागत (Per Unit Student Cost in Community & Institutional H.S.S.) ५८

४.६.१ सामुदायिक उ.मा.वि. को प्रति एकाई विद्यार्थी औसत लागत (Per Unit Student Average Cost of Community H.S.S.) ५८

४.६.२ संस्थागत उ.मा.वि. को प्रति एकाई विद्यार्थी औसत लागत (Per Unit Student Average Cost of Institutional H.S.S.) ५९

४.७ सामुदायिक तथा संस्थागत उ.मा.वि.को प्रति एकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धि विचको तुलनात्मक विश्लेषण (Comparative Analysis of Per Unit Student Cost & Educational Achievement Between Community & Institutional H.S.S.) ६०

४.८ अध्ययनको साराशं (Summary of the Study) ६३

## अध्याय पाँच (CHAPTER FIVE)

**५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATION)** ६६

५.१ निष्कर्ष (Conclusion) ६६

५.२ सुझावहरु (Recommendations) ६८

५.२.१ नीतिसँग सम्बन्धित सुझावहरु (Policy Related Recommendations) ६९

५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendations) ७०

५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Research Related Recommendations) ७१

**सन्दर्भ सामग्रीहरु (References)**

**अनुसूचीहरु (Appendices)**

# तालिका सूची (LIST OF TABLE)


| | | | |
|---|---|---|---|
| | | | पृष्ठ |
| तालिका | १.१ | सम्बन्धन प्राप्त उ.मा.वि. हरुको भौगोलिक अवस्थिति | ६ |
| तालिका | ४.१ | झापा जिल्लाको राजनैतिक विभाजन, (२०७१) | ३१ |
| तालिका | ४.२ | झापा जिल्लाको शैक्षिक अवस्था, (२०७२) | ३३ |
| तालिका | ४.३ | झापा जिल्लाको भु–उपयोगको अवस्था, (२०७२) | ३४ |
| तालिका | ४.४ | विर्तामोड नगरपालिकाको शैक्षिक अवस्था, (२०७२) | ३७ |
| तालिका | ४.५ | प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल (वर्गफिट) २०७१/०७२ | ३९ |
| तालिका | ४.६ | प्रतिविद्यार्थी फर्निचर संख्या (२०७१/०७२) | ४० |
| तालिका | ४.७ | नमूना क्षेत्रका शिक्षकहरुको विवरण, (२०७१/०७२) | ४३ |
| तालिका | ४.८ | सामुदायिक उ.मा.वि. को विद्यार्थी भर्ना | ४४ |
| तालिका | ४.९ | संस्थागत उ.मा.वि. को विद्यार्थी भर्ना | ४५ |
| तालिका | ४.१० | उ.मा.वि. मा शिक्षक विद्यार्थी अनुपात | ४६ |
| तालिका | ४.११ | सामुदायिक उ.मा.वि. को उत्तीर्ण दर | ४८ |
| तालिका | ४.१२ | संस्थागत उ.मा.वि. को उत्तीर्ण दर | ४९ |
| तालिका | ४.१३ | सामुदायिक उ.मा.वि. मा विद्यालय छोड्ने दर | ५० |
| तालिका | ४.१४ | संस्थागत उ.मा.वि. मा विद्यालय छोड्ने दर | ५१ |
| तालिका | ४.१५ | सामुदायिक उ.मा.वि. को आम्दानी विवरण | ५३ |
| तालिका | ४.१६ | सामुदायिक उ.मा.वि. को खर्च विवरण | ५४ |
| तालिका | ४.१७ | संस्थागत उ.मा.वि. को आम्दानी विवरण | ५६ |
| तालिका | ४.१८ | संस्थागत उ.मा.वि. को खर्च विवरण | ५७ |
| तालिका | ४.१९ | सामुदायिक उ.मा.वि. मा प्रति एकाई विद्यार्थी औसत लागत | ५९ |
| तालिका | ४.२० | संस्थागत उ.मा.वि. मा प्रति एकाई विद्यार्थी औसत लागत | ६० |
| तालिका | ४.२१ | उ.मा.वि.को प्रति एकाई विद्यार्थी लागतको तुलनात्मक विश्लेषण | ६१ |
| तालिका | ४.२२ | उ.मा.वि.को. शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण | ६२ |

# संक्षिप्त शब्दावली (ABBREVIATION)

| | | |
|---|---|---|
| प्रा.वि. | = | प्राथमिक विद्यालय |
| मा.वि. | = | माध्यमिक विद्यालय |
| उ.मा.वि. | = | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | = | गाउँ विकास समिति |
| प्र.अ. | = | प्रधानाध्यापक |
| वि.व्य.स. | = | विद्यालय व्यवस्थापन समिति |
| न.पा. | = | नगरपालिका |
| जि.वि.स. | = | जिल्ला विकास समिति |
| कि.मि. | = | किलोमिटर |
| मि. | = | मिटर |
| क्र.स. | = | क्रमसंख्या |
| आ.व. | = | आर्थिक वर्ष |
| प्र.प्र. | = | प्रविणता प्रमाणपत्र |
| स.वि.स. | = | सम्पुर्ण विद्यार्थी संख्या |
| क.छा.स. | = | कक्षा छाड्ने संख्या |